नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस रिलिज

मितिः २०८३/०६/०८

### प्रतिकूल मौसमी प्रणाली र बाढी पूर्वानुमानको समयावधि विस्तार सम्बन्धमा

१. आज देखि आगामि ३ दिन (आश्विन ११ सम्म) देशभर फैलिने प्रतिकूल मौसमी प्रणालीबाट हुनसक्ने भारी वर्षा, बाढी, आकस्मिक बाढी र पहिरो जोखिमको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र र मौसम विज्ञान विभागबाट निरन्तर अनुगमन भइरहेको छ।

२. आम सर्वसाधारणले बाढीको जोखिम सम्बन्धी जानकारी प्राप्त गर्नको लागि टोल फ्री नं. ११५५ संचालनमा रहेको छ। साथै आधिकारिक Facebook Page: "Nepal Flood Alert" तथा "Nepal Weather Forecast" र Website: hydrology.gov.np तथा dhm.gov.np बाट सेमत जानकारी प्राप्त गर्न सकिने व्यावस्था गरिएको छ। साथै जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र र मौसम विज्ञान विभागबाट जारी हुने नियमित बुलेटिन / सूचनाहरूबाट समेत जानकारी प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।

३. जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले जलविज्ञान तथा बाढी पूर्वानुमान र पूर्व-सुचना सम्बन्धी सेवामा थप सुधार गर्दै मिति २०८३ असोज ०७ गते देखि प्रमुख नदीहरुको बाढीको पूर्वानुमानको समयावधि ३ दिनबाट ५ दिन तथा नेपालभरका स-साना नदीहरुमा आकस्मिक बाढी (Flash Flood) को जोखिम पूर्वानुमान १ दिन (२४ घण्टा) बाट २ दिन (४८ घण्टा) सम्म विस्तार गरेको छ। यसबाट सम्भावित बाढी तथा आकस्मिक बाढीको जोखिमबारे पहिले नै जानकारी प्राप्त गरी पूर्वतयारी, सतर्कता, जोखिम न्यूनीकरण तथा आवश्यक प्रतिकार्यका लागि थप समय उपलब्ध हुनेछ।

६/८

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता